# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ | संख्याः ०९ | मितिः २०८१/१२/१७

### भाग - २
### स्थानीय सरकार
### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।१३

**प्रस्तावनाः**

नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गरी मायादेवी गाउँपालिकाको नीति, कानून तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्ध हासिल गर्न तथा सहरी सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरी मार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउन आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, मायादेवी गाउँपालिकाको नगर प्रहरी बल ऐन, २०८१ को दफा २१ बमोजिम मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"ऐन"** भन्नाले मायादेवी गाउँपालिकाको नगर प्रहरी बल ऐन, २०८० सम्झनु पदर्छ।

ख) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिकालाई सम्झनु पदर्छ ।

ग) **"नगर प्रहरी"** भन्नाले नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानलाई जनाउनेछ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"समिति"** भन्नाले मायादेवी गाउँपालिकाको नगर प्रहरीको विभिन्न पदमा पदपूर्ति गर्न बनेको समिति सम्झनु पर्दछ ।

च) **"सेवा करार"** भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दर बन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यविधिको व्याख्या

### ३. कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्नेः

क) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन पेश गर्न सक्नेछ।

ख) दफा ३ (१) को सम्बन्धमा गाउँ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

### ४. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः

नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यन्वयन ।

ख) स्थानीय शान्ति सुरक्षा व्यवस्थापन ।

ग) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण ।

घ) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन ।

ङ) गाउँपालिकाको बजार तथा पार्किङ्ग स्थलको अनुगमन, निरीक्षण, चेकजाँच र व्यवस्थापन ।

च) सवारी साधन व्यवस्थापन, अनुगमन, चेकजाँच ।

छ) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन ।

ज) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन ।

झ) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा ।

ञ) गाउँपालिकाको वडा अन्तर्गतका क्षेत्रहरूमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोत साधन सहित तत्काल परिचालन हुने।

ट) विपद् व्यवस्थापन सम्बन्धी घटनाहरूमा परिचालन भई तत्काल खोजी, उद्दार, राहत तथा पुनस्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने ।

ठ) अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण ।

ड) छाडा पशु चौपायाको नियन्त्रण ।

ढ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण ।

ण) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने ।

त) स्थानीय स्तरका जडिवुटी तथा गैह्रकाष्ठ जन्य वन पैदावरको संरक्षण ।

थ) प्रकृतिक स्रोत र साधनको संरक्षण गर्ने ।

द) खानी तथा खनिज पदार्थको संरक्षण गर्ने ।

ध) वन जगंल, वन्य जन्तु, चराचुरुङ्गी तथा वातावरण संरक्षण ।

न) नदीमा करेण्ट लगाउने, विषदी हाल्ने जस्ता अवैध कृयाकलापको नियन्त्रण ।

ऩ) नदिजन्य पदार्थको संरक्षण, रोकथाम तथा अवैध चोरी निकासी नियन्त्रण।

प) व्यावसायिक कर तथा कालोबजारी नियन्त्रण ।

फ) हाटबजार तथा वैठकी कर उठाउने सम्बन्धमा सहयोग ।

ब) ३ पाङ्ग्रे सवारी साधनको चेकजाँच, अनुगमन तथा व्यवस्थापन ।

भ) उद्योगहरुको अनुगमन, निरीक्षण तथा शान्ति सुरक्षा समन्वय ।

म) मेला, पर्व, जात्रहरुमा शान्ति सुरक्षा तथा सवारी व्यवस्थापन ।

य) सार्वजनिक पार्क, पोखरी तथा धार्मिक स्थलको संरक्षण र व्यवस्थापन ।

र) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद-४
## पदपूर्ति सम्बन्धी

**५. नगर प्रहरीहरुको सुरु नियुक्ति हुने पदहरुः**

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

क) नगर प्रहरी हवल्दार

ख) नगर प्रहरी जवान

**६. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यताः**

नगर प्रहरी हवल्दार र जवान पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछः

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म हवल्दारको हकमा १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको साथै जवानको हकमा १८ वर्ष उमेर पुरा भाई २३ वर्ष ननाघेको।

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तिर्ण गरेको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा न्यूनतम उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्च सम्म, न्यूनतम तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा न्यूनतम उचाई ५ फिट र न्यूनतम तौल ४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंसात्मक कार्यमा संलग्न नरहेको।

ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

ड) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

ढ) दरखास्त दिँदा अनुसूची-१ बमोजिमको दरखास्त फारम भर्नु पर्नेछ ।

## ७. <u>पदपूर्ति समिति गठनः</u>

गाउँपालिकाले नगर प्रहरी पदपूर्ति सम्बन्धी आवश्यक कार्य गर्नका लागिः

क) देहाय अनुसारका पदाधिकारी रहने गरी पदपूर्ति समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| लेखा अधिकृत | सदस्य |
| राजश्व शाखा प्रमुख (अधिकृतस्तर) | सदस्य |
| ईलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार विज्ञ सदस्य आमन्त्रित गर्न सकिनेछ ।

ख) छनौट कार्यदल गठन गर्न सक्नेछ वा नेपाल सरकारको अधिकारिक मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट गराउन सक्नेछ ।

## ८. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>

गाउँपालिकाले नगर प्रहरी पदपूर्ति सम्बन्धी आवश्यक कार्य गर्नका लागिः

क) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने ।

ख) पदपूर्ति कार्यतालिका बनाउने ।

ग) परीक्षाको किसिम तोक्ने ।

घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

ङ) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

च) नियुक्तिका लागि सिफारिश गर्ने ।

छ) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

ज) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

झ) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ७ को उप दफा ३ बमोजिम गर्न सक्नेछ।

९. <u>योग्यताक्रम सूची र नियुक्ति सम्बन्धी व्यवस्थाः</u>

क) समितिले उम्मेदवारहरूले लिखित परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । यसरी सिफारिस गर्दा कूल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यता क्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत राखिनेछ ।

ख) यसरी समितिबाट पदपूर्तिका लागि सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतबाट ७ दिन भित्र नियुक्ति पत्र दिइनेछ ।

ग) वैकल्पिक उम्मेदवारले १ वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

## परिच्छेद-५
## <u>सेवा सुविधा</u>

१०. <u>तलब भत्ताः</u>

क) नगर प्रहरी कर्मचारीले नियुक्ति करार सम्झौता मिति देखि तलब भत्ता पाउनेछ । त्यस्तो तलव र अन्य सुबिधा सम्झौतामा तोके अनुसार हुनेछ।

ख) नगर प्रहरीलाई मासिक रु. ३०००/- राशन भत्ता उपलब्ध गराईने छ।

ग) नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

## ११. तालिमको व्यवस्थाः

नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गाउँपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अग्नी नियन्त्रण/आपतकालिन उद्दार/कार्यालय सुरक्षा/ विशिष्ट व्यक्तित्व सुरक्षा/अतिथि सत्कार/ट्राफिक व्यवस्थापन/कानून साथै अन्य तालिमहरू दिन सकिनेछ ।

## १२. आन्तरिक तालिमः

एकै पटक नियुक्ति करार भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउने छ ।

# परिच्छेद-६

# पोशाक

## १३. पोशाकः

क) नगर प्रहरीको पोशाक, पोशाकको रङ्ग तथा अन्य सामाग्रीहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ख) नगर प्रहरी कर्मचारीलाई प्रत्येक बर्ष एकसेट पोशाक उपलब्ध गराईनेछ। तर नयाँ नियुक्ति हुदाँको हकमा भने दुई सेट पोशाक उपलब्ध गराईनेछ ।

ग) कार्यपालिकाले तोके बमोजिमका समानहरू प्रत्येक नगर प्रहरी कर्मचारीलाई उपलब्ध गराईनेछ ।

घ) नगर प्रहरी कर्मचारीहरूलाई निजहरूको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा सो को मूल्याकंन गरी अर्को पोशाक तथा सामग्री उपलब्ध गराईनेछ ।

## परिच्छेद-७

## विदा सम्बन्धी व्यवस्था

**१४. बिदा सम्बन्धी व्यवस्थाः**

नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको बिदा पाउनेछन्ः

क) भैपरी आउने विदा - १२ दिन

ख) किरिया बिदा - १५ दिन

ग) सट्टा बिदा

कुनै पनि सार्वजनिक बिदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई कार्यालय प्रमुखले सट्टा बिदा दिन सक्नेछन् । तर यस्तो बिदा एक पटकमा दुई दिन भन्दा बढी हुने छैन । अन्य विदा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-८

## विविध

**१५. कार्यविधि संशोधनः**

गाउँ कार्यपालिकाले यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

**मायादेवी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

बरेवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल ।

## करारको लागि दरखास्त फाराम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| कुन कुन समूहमा दरखास्त फाराम बुझाएको हो तल उल्लेख गर्नुहोस् । | | | |
|---|---|---|---|
| ✔ चिन्ह लगाउनुहोस् | समावेशी समूह | विज्ञापन नं | पद |
| ☐ | खुला | | |
| ☐ | महिला | | |
| ☐ | आदिवासी/ जनजातिः | | |
| ☐ | मधेसी/मुस्लिम | | |
| ☐ | दलितः | | |

### १. वैयक्तिक विवरणः

| | | | |
|---|---|---|---|
| नाम थर | देवनागरीमा | | |
| | अङ्ग्रेजीमा ठुलो अक्षरमा | | लिङ्गः पुरुष/महिला |
| नागरिकता नंः | | जारी गर्ने जिल्लाः | जारी मितिः |
| स्थायी ठेगाना | प्रदेशः | जिल्लाः न.पा./गा.पा.: | वडा नंः |
| | टोलः | मार्ग/घर नंः | मो.नं.: |
| पत्राचार गर्ने ठेगानाः | | ईमेलः | |
| जन्म मिति (वि.सं.मा): | | (ईश्वी संवतमा): | हालको उमेरः |
| बाबुको नाम थरः | | बाजेको नाम थरः | |
| आमाको नामः | | | |

### २. शैक्षिक योग्यता/तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम र भएमा माथिल्लो तहको शैक्षिक योग्यता समेत उल्लेख गर्ने ।)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/ तालिम | सङ्काय | श्रेणी/ प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

## ३. अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/ उपसमूह | श्रेणी/तह | स्थायी/ अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारमको पृष्ठहरूमा उल्लेखित सर्तहरू पूर्णरुपमा पालना गर्नेछु । करारको सयम भन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत : |
|---|---|---|
| | | मितिः सम्पर्क नं. : |
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. | | रोल नं. |
| दरखास्त अस्वीकृत भए सो को कारण | | |
| दरखास्त रुजु गर्नेको<br>नामः<br>दस्तखतः<br>मितिः | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको<br>नामः<br>दस्तखतः<br>मितिः |

**<u>द्रष्टव्य</u>** : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेस गने पर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
२. समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,
३. समावेशीको हकमा समावेशी प्रमाण पत्रको प्रतिलिपि,
४. हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो सोको प्रतिलिपि आदि।

**शारीरिक अवस्था (स्वघोषणा)**

१. म नगर प्रहरी कर्मचारीमा नयाँ नियुक्त हुनको लागि मेरो शारीरिक अवस्था पूर्ण रूपमा स्वस्थ छ।
२. मैले कुनै दीर्घकालीन रोग बापत कुनै किसिमको लामो अवधि सम्मको औषधि सेवन गर्ने गरेको छैन ।
३. मलाई कुनै किसिमको मुटु, कलेजो र मिर्गौला सम्बन्धी रोग लागेको अथवा सो सम्बन्धी शल्यक्रिया गरेको छैन ।
४. मैले कुनै किसिमको औषधीजन्य (लागु पदार्थ) सेवन गर्ने गरेको छैन ।
५. मेरो मानसिक अवस्था ठिक छ। म नगर प्रहरीको कर्मचारी हुन योग्य छु । जस्तो सुकै अवस्थामा पनि सन्तुलन रहेर काम गर्न सक्छु ।

**अन्य घोषणाः**

१. म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन तथा सो बापत कुनै पद धारण गरेको छैन।
२. हालसम्म म कुनै पनि राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय आतङ्ककारी सङ्गठनको सदस्य रहेको छैन र त्यस बापत कुनै सजाय पाएको अथवा खोजीको सूचिमा रहेको छैन।
३. मैले कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको छैन र त्यस्तो किसिमको सजाय पाउने कार्य समेत गरेको छैन ।
४. मैले कुनै पनि मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय पाउने कार्य गरेको छैन ।
५. मैले देशको कुनै भागमा र विदेशमा समेत कुनै अपराध गरेको छैन र खोजी अथवा फरारको सूचिमा रहेको छैन ।

**उम्मेदवारले पालन गर्नु पर्ने नियमहरुः**

१. परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेश पत्र ल्याउनु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तरवार्ता हुने दिनमा पनि प्रवेश पत्र ल्याउनु पर्ने अनिवार्य छ ।
४. परीक्षा सुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ ।वस्तुगत परीक्षा सुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा सुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ
६. परीक्षा हलमा प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदी आफूसाथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र सङ्केत समेत गर्न हुँदैन ।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्कासन गरी तुरुन्त कानून बमोजिम कारबाही गर्नेछ र त्यसरी निष्कासन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिनेछ।
८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुने छैन ।
९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रूपले गर्नु पर्नेछ ।
१०. कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको Key उत्तर पुस्तिकामा अनिवार्य रूपमा लेख्नुपर्नेछ । नलेखेमा उत्तर पुस्तिका स्वतः रद्द हुनेछ ।
१२. आई.क्यु. परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।

**मायादेवी गाउँपालिका**
**प्रवेश पत्र**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

परीक्षार्थीले भर्नेः-

कुन कुन समूहमा दरखास्त फाराम बुझाएको हो तल उल्लेख गर्नुहोस् ।

| चिन्ह लगाउनुहोस् | समावेश समूह | विज्ञापन नं | पद |
|---|---|---|---|
| ☐ | खुला | | |
| ☐ | महिला | | |
| ☐ | आदिवासी/जनजाति | | |
| ☐ | मधेशीः | | |
| ☐ | दलितः | | |
| उम्मेदवारको | नाम थर | | |
| | दस्तखत | | |

**कार्यलयको कर्मचारीले भर्नेः -**

यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाइ निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्रः- ..........................

रोल नम्बरः- ..............................

..........................

(अधिकृतको दस्तखत)

**उम्मेदवारले पालन गर्नु पर्ने नियमहरुः**

१. परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेश पत्र ल्याउनु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तरवार्ता हुने दिनमा पनि प्रवेश पत्र ल्याउनु पर्ने अनिवार्य छ ।
४. परीक्षा सुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ ।वस्तुगत परीक्षा सुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा सुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ
६. परीक्षा हलमा प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदी आफूसाथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र सङ्केत समेत गर्न हुँदैन ।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्कासन गरी तुरुन्त कानून बमोजिम कारबाही गर्नेछ र त्यसरी निष्कासन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिनेछ।
८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुने छैन ।
९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रूपले गर्नु पर्नेछ ।
१०. कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको Key उत्तर पुस्तिकामा अनिवार्य रूपमा लेख्नुपर्नेछ । नलेखेमा उत्तर पुस्तिका स्वतः रद्द हुनेछ ।
१२. आई.क्यु. परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।

**मायादेवी गाउँपालिका**
**प्रवेश पत्र**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

परीक्षार्थीले भर्नेः-

कुन कुन समूहमा दरखास्त फाराम बुझाएको हो तल उल्लेख गर्नुहोस् ।

| चिन्ह लगाउनुहोस् | समावेश समूह | विज्ञापन नं | पद |
|---|---|---|---|
| ☐ | खुला | | |
| ☐ | महिला | | |
| ☐ | आदिवासी/जनजाति | | |
| ☐ | मधेशीः | | |
| ☐ | दलितः | | |
| उम्मेदवारको | नाम थर | | |
| | दस्तखत | | |

**कार्यलयको कर्मचारीले भर्नेः -**

यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाइ निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्रः- ..........................

रोल नम्बरः- ..............................

..........................

(अधिकृतको दस्तखत)

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत